ब्याँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा, दार्चुला

# गाउँपालिका अध्यक्ष अक्षय कोष सञ्चालन कार्यबिधि, २०७७

प्रस्तावनाः

शिक्षा क्षेत्रको बिकास बाट समाजको चेतना स्तरमा बृद्धि गरि समस्त आर्थिक क्षेत्रको बिकास गर्न आर्थिक रुपमा कमजोर तथा जेहेन्दार, टुहुरा, अनाथ छात्रछात्रा लाई प्रोत्साहीत गर्न विद्यार्थीहरुलाई आर्थिक अभावका कारण विद्यालय छाड्न बाध्य हुनुपरेको अवस्थालाइ न्युनिकरण गर्न तथा प्राविधिक शिक्षा हासिल गर्ने विद्यार्थिहरुलाई समेत आर्थिक अभावकै कारणले शिक्षा हासिल गर्न नसकेको अवस्थालाइ न्युनिकरण गर्नका लागि अक्षयकोष स्थापना गरि व्यवस्थीत गर्न वाञ्छनिय भएकाले ब्याँस गाउँपालिका गाउँकार्यपालिका बाट अध्यक्ष अक्षयकोष संचालन कार्यविधि २०७७ स्वीकृत गरिएको हो ।

परिच्छेद : १ (एक)

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यबिधीको नाम गाउँपालिका अध्यक्ष अक्षयकोष संचालन कार्यबिधि २०७७ रहनेछ ।

ख) यो कार्यबिधि गाउँसभा बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

क) कार्यबिधी भन्नाले गाउँपालिका अध्यक्ष अक्षयकोष सञ्चालन कार्यबिधि २०७७ लाई सम्झनु पर्नेछ ।

ख) गाउँपालिका भन्नाले ब्याँस गाउँपालिका लाई सम्झनु पर्नेछ ।

ग) सामुदायिक बिद्यालय भन्नाले गाउँ शिक्षा ऐनले निदृष्ट गरे बमोजिमका यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक बिद्यालयलाई सम्झनु पर्नेछ ।

घ) कोष वा अक्षयकोष भन्नाले गाउँपालिका अध्यक्ष अक्षयकोषलाइ सम्झनु पर्नेछ ।

ङ) शैक्षिक संस्था भन्नाले प्राविधिक शिक्षा हासिल गराउने सम्पूर्ण सामादायिक शैक्षिक संस्थाहरुलाइ सम्झनु पर्छ ।

च) छात्रबृति भन्नाले आर्थिकरुपमा कमजोर, जेहेन्दार, अनाथ, टुहुरा, दलित, महिला, जनजाती तथा प्रविधिक क्षेत्रका बिद्यार्थीलाई अक्षयकोषबाट बिद्यालयको बार्षिक शुल्क, शैक्षिक सामग्री, बिद्यालय पोशाकमा हुने खर्चलाई ध्यानमा राखि बिद्यार्थिलाई प्रोत्साहन

स्वरुप प्रदान गर्न तोकिए बमोजिमको निश्चित रकम तथा शैक्षिक सामग्री समेतलाई सम्झनु पर्नेछ ।

## परिच्छेद २ (दुई)

३. अवधारणा:

क) गाउँपालिका भित्रका सम्पूर्ण बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्नु र गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्नु कोष स्थापनाको मुल अवधारणा हो ।

४.लक्ष्य:

क) आर्थिक रुपमा विपन्न तथा जेहेन्दार छात्र छात्रालाई बिद्यालय शिक्षा सहज रुपमा प्रदान गर्नु, बिद्यालय छाड्ने दरमा कमी ल्याउनु, तथा प्राबिधिक र उच्च शिक्षा अध्यनमा ब्याँस गाउँपालिकाका बिद्यार्थीहरुको पहुँच बढाई शैक्षिक सुद्धढिकरण गर्नु यस कोषको लक्ष्य रहनेछ ।

५.उद्धेश्य:

क) जेहेन्दार बिद्यार्थीलाई प्रोत्साहित गर्नु ।

ख) प्राविधिक शिक्षा र प्रोत्साहन गरी विद्यार्थी तथा ब्यक्तिलाई आत्म निर्भर बनाउन

ग) आर्थिकरुपमा कमजोर, अनाथ, टुहुरा, दलित, बिद्यार्थिलाई प्रोत्साहित गर्नु ।

घ) बिद्यालय तह , प्राविधिक र उच्च शिक्षा अध्यनमा बिद्यार्थीको पहुच अभिबृद्धि गर्नु ।

ङ) ) दलित, अल्पसंख्यक, महिला,जनजाति तथा टुहुरा समुहका विद्यार्थी लाई शिक्षा आर्जनमा प्रोत्साहित गर्नु ।

च) प्राविधिक शिक्षा तर्फ आकार्षित गराउन ।

६.निति:

क) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक बिद्यालय र पालिका भन्दा बाहिरका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी, प्राविधिक धारका विद्यार्थी र उच्च शिक्षा आर्जन गरिरहेका विद्यार्थी लाई छात्रबृतिको प्रकृयामा समाबेश गरिनेछ ।

ख) छात्र छात्रा दुबैलाई समान अवसर प्राप्तहुने कुराको सुनिश्चितता गरिनेछ ।

ग) बिद्यार्थीको उत्कृष्टता लाई छनौटको क्रममा प्राथमिकता दिईनेछ ।

घ) आर्थिक रुपमा कमजोर, अनाथ, टुहुरा, दलित, आदिवासी, महिला, अपाँग तथा प्राविधिक धार भएका बिद्यार्थीहरुलाई लक्षित गरिनेछ ।

ङ) दोहोरो छात्रबृति ( संघीय सरकार प्रदेश सरकारहरु) सँग बाँझिने गरि दिइने छैन ।

## परिच्छेद ३ (तीन)

### ७. व्यवस्थापन तथा सञ्चालन समिति

क) अक्षयकोष लाई विस्वसनिय, पारदर्शी र बढि प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्न तथा आर्थिक रुपमा कमजोर जेहेन्दार तथा अनाथ, टुहुरा, दलित, आदिवासी, महिला, अपाँगता भएका बिद्यार्थी तथा प्राविधिक धारका विद्यार्थीहरु छनोट गरि छात्रबृतिको लागि गाउँकार्यपालिकामा पेश गर्ने प्रयोजनको लागि गाउँपालिकाको शिक्षा समिति अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमका व्यक्ति सदस्य रहने गरि गाउँपालिका अध्यक्ष अक्षयकोष ब्यवस्थापन तथा संचालन समिति रहनेछ ।

१. गाउँपालिका उपाध्यक्ष - सदस्य

२. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

३. सामाजिक बिकास समितिको संयोजक - सदस्य

४. गाँउपालिका अध्यक्षले कार्यपालिकाका सदस्य हरु मध्ये मनोनित गरेको एक जना - सदस्य

५. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

ख) समितिको बैठक आवश्यकताका आधारमा समितिका अध्यक्षले आह्वान गरे अनुरुप बस्नेछ ।

## परिच्छेद ४ (चार)

### कोष ब्यवस्थापन तथा सञ्चालान सम्बन्धि ब्यवस्था

**८.कोषको स्थापना :**

क) ब्याँस गाउँपालिकामा बिबिध कोष खाता अन्तर्गत अध्यक्ष अक्षयकोष नाम गरेको एउटा छुटै कोषको स्थापना गरिनेछ ।

**९. छात्रबृति अक्षयकोषमा जम्मा गरिने रकम**

क) गाउँपालिकाको विगतका आ.व. हरुमा अक्षय कोषका लागि विनियोजन गरेको रकम ।

ख) गाउँपालिका अध्यक्षले पाउने सेवा सुबिधा वापतको स्वेच्छिक रुपमा जम्मा गरेको रकम ।

ग) अध्यक्ष अक्षयकोषको लागि प्रत्येक आ. व. मा  वर्ष गाउँपालिका बाट बिनियोजित रकम ।

घ) अन्य व्यक्ति, सरकारी तथा गैरसरकारी संघ संस्थाबाट कोषमा प्राप्त हुने सहयोग रकम ।

**१०. कोष सञ्चालन**

क) कोषको लक्ष्य तथा उद्धेश्य प्राप्त गर्न ब्याँस गाँउपालिका स्वयंमले कोषको स्थापना गर्नेछ ।

ख) नियम (११) मा परिभाषित छात्रबृति प्रदान गर्ने बाहेक अन्य प्रयोजनमा यस कोषको रकम प्रयोग गर्न पाईने छैन ।

ग) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त हस्ताक्षर बाट सञ्चालन हुने छ ।

घ) कोषको आर्थिक ब्यवस्थापन प्रचलित कानुन बमोजिम हुनेछ ।

ङ) कोष बाट खर्च भएको रमकको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

च) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ५ (पाँच)

**११. कोषको खर्च प्रणाली**

अक्षय कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको छात्रबृति प्रदान गर्ने कार्यमा मात्र खर्च गरिनेछ ।

क) अक्षय कोष व्यवस्थापन तथा सञ्चालन समिति बाट छानिएर अनुमोदन भएका छात्र छात्रालाई तोकिए बमोजिमको छात्रबृति प्रदान गर्ने कार्य ।

ख) छात्रबृतिका लागि छानिएका छात्रछात्रा लाई छात्रबृति स्वरुप शैक्षिक सामग्री वा पोशाक उपलब्ध गराईने भएमा सो वाफतको सामग्रीमा गरिने खर्च ।

ग) वार्षीक रुपमा समितिले छात्रबृतिका लागी स्वीकृत गरेको यस ब्याँस गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई सामुदायिक विद्यालयबाट एस इ इ सो सरह उतिर्ण गरी हाल तपशिल बमोजिम प्राविधिक धार तर्फ अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

घ) छात्रबृति प्रदान गर्न लाग्ने अन्य ब्यवस्थापकिय खर्च यस कोष बाट खर्च गरिनेछैन ।

**१२. छात्रवृती छनौटको मापदण्ड :**

क) यो छात्रवृती, उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययन गर्ने छात्र छात्रा र उच्च शिक्षा हासिल गरिरहेका जेहेन्दार तथा टुहुरा विद्यार्थीहरु लाई समेत प्रदान गर्न सकिनेछ ।

ख) छात्रबृति प्रदान गर्दा देहायका बिबरण खुलाई १५ दिने सुचना प्रकाशित गरि छात्रबृतिको निबेदन माग गरिनेछ ।

१. प्रदान गरिने छात्रबृतिको संख्या ।

२. छात्रबृति प्रदान गरिने तह ।

३. पेश गर्नुपर्ने कागजको बिवरण ।

ग) निबेदक बिद्यार्थिले तोकिएको म्याद भित्र अनुसुचि (१) बमोजिमको निबेदनको साथमा अनुसुचि (२) बमोजिमको फारम भरि अनुसुचि (३) बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

घ) निबेदक विद्यार्थीले अनुसुचि (२) बमोजिम भरेको फारमको आधारमा अनुसुचि (४) बमेजिम प्राप्त अंकको आधारमा छात्रवृतीको लागी प्राथमिककता निर्धारण गरिनेछ ।

ङ) प्राप्त निबेदन संकलन गरि गाउँपालिकाको शिक्षा शाखाले अक्षय कोष ब्यवस्थापन तथा सञ्चालन समितिमा पेश गर्नेछ ।

च) अक्षय कोष ब्यवस्थापन तथा सञ्चालन समितिले विद्यालय तथा क्याम्पसको सिफारिस अघिल्लो वर्षको ग्रेड सिट सम्बन्धीत वडाकार्यालयको सिफारिसका आधारमा प्राविधिका

शिक्षा हासिल गर्ने विद्यार्थीहरुका साथै उच्च शिक्षा हासिल गरि रहेका गरिब, जेहेन्दार, टुहुरा, अनाथ, दलीत, महिला, जनजाती, अपाँग छात्रछात्रा लाई छात्रवृती प्रदान गर्नेछ ।

छ) छात्रवृतीको लागि सिफारिस भएका छात्रछात्रा लाई जनहि ५ हजार रकम छात्रवृती स्वरुप प्रदान गरिनेछ ।

ज) छात्रवृती पाउने बिद्यार्थिको संख्या बढेमा छात्रवृती पाउने रकम परिवर्तन गर्न सकिनेछ ।

**१३. छात्रवृतीको नामः** यस कोष बाट प्रदान गरिने छात्रवृतीको नाम **ब्याँस गा.पा अध्यक्ष छात्रवृती** रहनेछ ।

## परिच्छेद ६ (छ)

### १४.संसोधन बचाउ, खारेजि

क) गाउँपालिका अध्यक्ष अक्षय कोष सञ्चालन कार्यबिधि संसोधन वा खारेज गर्न आवश्यक देखिएमा कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो कार्यबिधिमा उल्लेख गरिएको कुराको हकमा कार्यबिधि अनुसार र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

ग) कोष खारेज भएमा कोषको रकम गाउँपालिकाको विबिध कोषमा स्वतहः जम्मा हुनेछ ।

## अनुसुचि १

(नियम १२ (ग) संग सम्बन्धित)

## निबेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू

ब्याँस गाउँपालिकाको कार्यालय

सुन्सेरा दार्चुला

बिषय : छात्रबृति पाउँ भन्ने बारे ।

उपरोक्त बिषय सम्बन्धमा तहाँ गाउँपालिकाको कार्यपालिका बाट प्रत्येक बर्ष प्रदान गरिने ब्याँस गा.पा अध्यक्ष छात्रबृति प्राप्त गर्न देहायका बिवरण सहित  निवेदा पेश गरको छु ।

नाम थर :.............................

लिङ्ग :.......

ठेगाना :................

अध्यनरत संस्थाको नाम :.......................................... ठेगानाः.............................

अध्यनरत कक्षा / तह : ....................................मासिक/ वार्षिक शुल्क ..................

कुल प्राप्ताङक :.................

प्राप्ताङक प्रतिशत :........

बुवाको नाम :..........

बुवाको पेसा :..............

आमाको नाम :............

माथि पेश गरेको बिवरण साचो हो, झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझौंला

निबेदकको नामः................

हस्ताक्षर ...........

अनुसुचि (२)

(नियम १२ (ग) संग सम्बन्धित)

| क.स | विवरण | |
|---|---|---|
| १. | अध्यनरत तहभन्दा एक तह तल्लो कक्षाको कुल प्राप्ताङ्क(प्रतिशत)<br>८५% भन्दा माथी<br>७०%भन्दा माथी<br>६०%भन्दा माथी<br>५०%भन्दा माथी | |
| २. | असाहायक सम्बन्धी | |
| ३. | अनाथ वा टुहुरा<br>(क)आमा बुवा दुबै नभएको<br>(ख)आमा वा बुवा मध्ये एक नभएको | |
| ४. | निवेदकको अपाङ्गता<br>(क) क वर्गको अपाङ्गता<br>(ख) ख वर्गको अपाङ्गता | |
| ५. | अभिभावक को अपाङ्गता<br>(क)आमा बुवा दुबै क वर्गको अपाङ्गता<br>(ख) आमा बुवा दुबै ख वर्गको अपाङ्गता<br>(ग) आमा बुवा मध्ये एक जना<br>क वर्गको अपाङ्गता<br>वा ख वर्गको भए | |
| ५. | दलित | |
| ६. | महिला | |
| ७. | जनजाति | |
| ८. | पारिवारिक आयस्तर<br>(क)५०००० भन्दा कम<br>(ख)१००००० भन्दा कम<br>(ग)१५०००० भन्दा कम | |

## अनुसुचि (३)

### (नियम १२ (ग) संग सम्बन्धित)

१. बिद्यालयको /शैक्षिक संस्थाको सिफारिस ।

२. वडा कार्यालयको सिफारिस ।

३. अघिल्लो कक्षाको लब्धाङ्कपत्रको प्रतिलिपि ।

४. अपाँगता परिचयपत्र ।

५. वडा कार्यालय बाट आयस्तर प्रमाणित प्रतिलिपि ।

६. विद्यालयको प्रथम स्थान हाँसिल गरेको प्रमाणपत्र ।

६.संरक्षक नभई अर्काको संरक्षणमा पढिरहेको भनी वडा कार्यालयले प्रमाणित गरेको प्रमाणपत्र ।

## अनुसूची (४)

### (नियम १२ (घ) सँग सम्बनधित )

| क.स | छनौटका आधार | अंकभार |
|---|---|---|
| १. | अध्यनरत तहभन्दा कक्षा तल्लो तथा सेमिस्टरको कुल प्राप्ताङ्क<br>८५% भन्दा माथी–१०) अंक<br>७०%भन्दा माथी-८ अंक<br>६०%भन्दा माथी-६ अंक<br>५०%भन्दा माथी-४ अंक | १० |
| २. | सम्बन्धित तहमा प्रथम स्थान हासिल गरेको | ५ |
| ३. | अनाथ वा टुहुरा<br>(क)आमा बुवा दुबै नभएको -२० अंक<br>(ख)आमा वा बुवा मध्ये एक नभएको -५अंक | २० |
| ४. | निवेदकको अपाङ्गता<br>(क) क वर्गको अपाङ्गता भए-१०<br>(ख) ख वर्गको अपाङ्गता भए-६ | १० |

| | | |
|---|---|---|
| ५. | अभिभावक को अपाङ्गता<br>(क)आमा बुवा दुबै क वर्गको अपाङ्गता भए-१५ अंक<br>(ख) आमा बुवा दुबै ख वर्गको अपाङ्गता भए-१० अंक<br>(ग) आमा बुवा मध्ये एक क वर्गको अपाङ्गता भए-१० अंक र ख वर्गको भए -५अंक | १५ |
| ५. | द्यलित | १० |
| ६. | महिला | ५ |
| ७. | जनजाति | ५ |
| ८. | पारिवारिक आयस्तर : | २० |
| | जम्मा | १०० |